अनुसूची-१

नेपाल सरकार

# अर्थ मन्त्रालय

# कर्मचारी सञ्चय कोषको प्रशासकको छनोट तथा सिफारिस समितिको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८३/०३/०८)**

कर्मचारी सञ्चय कोषको रिक्त प्रशासक पदमा खुल्ला प्रतिष्पर्धात्मक प्रतियोगिताद्वारा पदपूर्ति गरिने भएकोले देहायको योग्यता भएका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ दिन (मिति २०८३/०३/२२ गते) भित्र कार्यालय समयमा अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार, काठमाडौंमा गोप्य सिलबन्दी आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**१. योग्यता तथा अनुभवः**

(क) कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ६क. बमोजिम योग्यता तथा अनुभव भएको।

(ख) अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३ को दफा ४ बमोजिम अयोग्य नरहेको।

**२. दरखास्त पेस गर्ने प्रक्रियाः**

(क) दरखास्त साथ अर्थ मन्त्रालयको website: www.mof.gov.np मा प्रकाशित कर्मचारी सञ्चय कोषको प्रशासकको छनोट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८३ को दफा ३ बमोजिमको कागजात तथा विवरण र स्वयं घोषणा निवेदन स्वयंले प्रमाणित गरी पेस गर्नुपर्नेछ।

(ख) दरखास्त पेस गर्दा शैक्षिक योग्यता, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, वैयक्तिक विवरण र २ प्रति पासपोर्ट साइजको फोटो तथा उपर्युक्त कार्यविधिको दफा ५ बमोजिमको व्यावसायिक कार्ययोजना (पाँच हजार शब्दमा नबढ्ने गरी) खामबन्दी गरी अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखामा पेस गर्नुपर्नेछ। खामबन्दी प्रस्तावको खामवाहिर **"कर्मचारी सञ्चय कोषको प्रशासकका लागि आवेदन तथा व्यावसायिक कार्ययोजना"** उल्लेख गरेको हुनुपर्नेछ।

**३. व्यावसायिक काययोजनाको प्रस्तुतीकरणः**

छनोट सूचीमा परेका उम्मेदवारले आफूले पेस गरेको व्यावसायिक कार्ययोजना तोकिएको मिति र समयमा प्रस्तुतीकरण समेत गर्नुपर्नेछ।

**४. दस्तुरः**

दरखास्त दस्तुर बापत अर्थ मन्त्रालयको कार्यालय कोड नं. ३०५००३५२०१, राजस्व खाताः १०००१००२०००१०००० तथा राजस्व शीर्षकः १४२२४ मा जम्मा हुने गरी राष्ट्रिय बाणिज्य बैंक, सिंहदरबार शाखामा रु. ५,०००।- (अक्षरेपी पाँच हजार मात्र) बुझाएको सक्कलै भौचर पेस गर्नुपर्नेछ।

प्रशासकलाई करारमा उल्लेख भएबमोजिमका सर्तहरूका आधारमा मासिक पारिश्रमिक तथा अन्य सेवा सुविधा उपलब्ध गराइनेछ।

**५. अन्य विवरणः**

(क) कर्मचारी सञ्चय कोषको प्रशासकको छनोट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८३ बमोजिमको काम, कर्तव्य तथा अधिकार र व्यावसायिक कार्ययोजनामा समावेश गर्नुपर्ने विषयका सम्वन्धमा अर्थ मन्त्रालयको website: www.mof.gov.np बाट जानकारी लिन सकिनेछ।

(ख) यो सूचना बमोजिम प्राप्त भएका दरखास्त छनोट तथा सिफारिस समितिले कुनै कारण उल्लेख गरी वा नगरी रद्द गर्न सक्नेछ।

(ग) झुट्टा विवरण वा कागजात पेस गरेमा आवेदन रद्द हुनुका साथै प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

(घ) यस सम्बन्धी थप जानकारीका लागि अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा वा टेलिफोन नं. ९८५१३५७११२ मा सम्पर्क गर्न सकिनेछ।